# योग

आजकल सामन्तहरूले योगलाई ३ खण्डमा बाँडेर यसलाई बेकार र अनुपयोगी बनाइ दिएका छन् । दूध फाटेपछि जसरी काम लाग्दैन, जसरी नुनलाई सोडियम र क्लोरिनमा फटाई दियो भने यसले विषकै काम दिन्छ यस्तै योगलाई “ज्ञान योग”, “भक्ति योग” र “कर्म योग” भनी अलग-अलग कटाई दिँदा यो निरर्थक बन्न गएको छ । जब यो ३ वटै योग एउटैमा समावेश हुन्छ अनि गएर नै योगको कुनै मतलब हुन्छ ।

सामन्ती षड्यन्त्रले गर्दा कसैलाई ज्ञान योगी बनाएर यो संसार झूठो हो भनी जङ्गल बास गराई दिएको छ भने, कसैलाई “भक्ति योग” भनी दिनरात “हरेराम” आदि भजनमा लगाई दिएको छ अनि निष्काम “कर्म योग” भनी उनीहरू माथी जतिसुकै शोषण र दमन गरे पनि आँखा निल्मेर काम गर्दै जाने आँखा निल्मेर काम गर्दै जाने कुरो सिकाएर शोषण व्यवस्थालाई चीर स्थायी राख्ने बाटो खोलिदिएको छ ।

योग जङ्गलमा गएर अभ्यास गर्ने कुार होइन, न त मन्दिरमा गएर दिन भर पूजा पाठ र गानबजान गरेर हुने कुरो हो, न त कसैमाथी निश्चिन्त भएर शोषण गर्ने र गराउने बाटो नै हो ।

ज्ञान योगको मतलब हो सम्पूर्ण मानिसहरूको आत्मा मेरै आत्मा हो भनेर अरू र आफूमा भेद नदेख्नु नै ज्ञान-योग हो । श्री कृष्ण भन्नुहुन्छ, “समोऽह सर्व भुतेषु नमे द्वेष्योडस्ति न प्रियः” अर्थात् ‘म सबै प्राणीमा उत्तिकै छुं, मेरो निम्ति मनपर्ने र मन नपर्ने कोही छैन ।’

“सर्व ब्रम्ह, अहं ब्रम्ह” सबै ब्रम्ह हो र म पनि ब्रम्ह हुँ भनी सबै प्राणीमा रहेको आत्मालाई समदृष्टिले चिन्नु नै ज्ञान योगको मूल अंग हो र ज्ञान योगीले भक्तियोगमा पनि लाग्नु जरुरी हो । भक्ति योगको मतलब अब जङ्गलमा गएर जप या तपस्या गर्नु होइन । न त दिनभरि भगवानको नाम लिएर भजन गर्नु नै हो । गीताको अध्याय १२ भक्तियोगको अध्याय हो र यस अध्यायको श्लोक ४ ले भनेको छ, “संनियभ्येन्द्रिय ग्रामं सर्वत्र समबुद्धयः । ते प्रनु वन्ति मामेव सर्वभूत हिते रताः ।”

अर्थात् आफ्नो इन्द्रियलाई वशमा राखेर, सबै मानिस बराबर सम्झी सम्पूर्ण प्राणीको कल्याणमा निरन्तर लाग्नेले मलाई नै प्राप्त गर्दछ, स्पष्टतः सम्पूर्ण प्राणीको हीत, सम्पूर्ण मानिसको हीतमा लाग्नु नै भक्ति योग हो भने सम्पूर्ण प्राणी र मनुष्य जातिको हीतको निम्ति स्वार्थ बुद्धि त्यागेर, निजी फलको इच्छा नगरी कर्तव्य कर्ममा लाग्नु नै कर्म योग हो ।

स्पष्टतः ज्ञान योग, भक्ति योग र कर्म योग एउटै शरीरको विभिन्न अङ्गहरू हुन् र यसलाई छुट्टाछुट्टै दूध फटाएर हेरे झैं हेर्ने कुरो छैन र एउटाको अभावमा अर्को २ वटा निरर्थक भएर जान्छ।

- तुल्सीलाल अमात्य

## धर्मको मर्म र श्री कृष्ण

- तुल्सीलाल अमात्य

श्री कृष्णकै समयमा धर्म के हो ? अधर्म के हो ? सब भद्रगोल भइसकेको थियो। धर्मलाई अधर्म र अधर्मलाई धर्म मान्न थालिसकेको थियो।

भगवान श्री कृष्ण भन्नेहरू भन्छन्, कि कर्म कि कर्मेत कवयोप्यत्र ! मोहिलाः 'के गर्नु हुन्छ र के गर्नु हुँदैन भन्ने कुरामा ठूल्ठूला विद्वान कविहरू पनि मोहमा फसिसकेका छन्।' भनिन्छ, 'धर्मेन धारयते जगत' अर्थात् 'धर्मले नै जगतको रक्षा हुन्छ। तर, साँच्चै भन्ने हो भने आज मानिसहरू धर्मको नाउँमा अधर्ममा संलग्न छन्।' जुन काम गर्नाले यो जगतको रक्षा हुन्छ, त्यस दिशामा आज धर्म गरिएको देखिँदैन जुन काम गर्नाले निजी स्वार्थ सिद्ध हुन्छ अथवा निजी स्वार्थको रक्षा हुन्छ, त्यसैलाई धर्म मान्न लागेको देखिन्छ।

पूजापाठ (मन्दिरमा गएर चण्डीपाठ, मृत्युञ्जयपाठ) इत्यादि, यज्ञ-यज्ञादि, बाहुनलाई दान, अनि हरेराम आदिको भजन कीर्तन, गंगा स्नान आदि गरिन्छ। के यत्ति गर्नु नै धर्म भयो त ? यस कुरोलाई हामीले गम्भीरता पूर्वक सोच्नु परेको छ। के यत्तिले नै यस जनताको रक्षा हुन्छ ? यसको निचोडमा पुग्नु भन्दा पहिले हामी हाम्रै ऋषि मुनीहरूले देखाएर गएको एउटा उदाहरण लिऔं। वामन अवतारको घटना लेऔं।

भगवान विष्णुको आठौं अवतारको रूपमा श्री कृष्णलाई भनिन्छ भने त्यसभन्दा अघिको पाँचौं अवतार 'वामन' लाई मानिन्छ। त्यसबेला बलिराजाले दिनको एउटा यज्ञ गर्ने गर्थे र बाहुनहरूलाई भनेजत्ति दान दिने गर्थे। यस्तैमा श्री विष्णु भगवानले दुई हाते पुड्को बाहुन (बामन) को रूप धरेर बलिराजा कहाँ दान माग्न गए र महादानी बलिराजासँग केवल उनको आफ्नै पाइलाले तीन पाईला जमिन मागे। त्यसबेला बलिराजालगायत त्यहाँका सभासद्हरू तथा अरू पण्डितहरूले 'मागेपछि अलि राम्रैसँग माग' भन्न थाले तर बामनले भने, 'मलाई तीन पाईला जमिन मात्र भए पुग्छ।' आखिर बलिराजाले मञ्जुर गरी ३ पाईला जमिन दान दिने कबुल गरे। यत्तिकैमा दुई हाते पुड्को त्यस बामनको विशाल रूप देखा पर्‍यो। उनको एक पाईलाले पृथ्वी ढाके, अर्को पाईलाले स्वर्गलोक, बाँकी एक पाईला राख्ने ठाउँ नभएर कहाँ राख्ने भनी बलिराजासँग सोध्दा बलिराजाले अर्को ठाउँ दिन नसकी आफ्नो शीर थापी दिए। त्यसपछि बामनले बलिराजालाई पातालमा धसाई दिए।

अब सवाल आउँछ, त्यत्रो धर्म गर्ने राजा जसले नित्य एउटा यज्ञ गर्थे र बाहुनहरूलाई भनेजत्ति दान दिन्थे, त्यस राजालाई पातालमा किन धसाएको होला ? कुअन्नमा पालिएका एक थरी सामन्ती पण्डितहरू बलिराजाको समर्थनमा यस्तो भन्छन्, 'कि बलिराजा अत्ति दानी भएकोले बिग्रेको हो । उनीहरू भन्छन्, 'अत्ति दानात् बलि बद्धोः ।'

के सत्य कुरा यही हो त ? होइन । स्पष्टताको निम्ति त्यसपछि बलि र बामनको बीच भएको कुरो सुनौं । बलिराजाले अति कल्पेर बामनसँग आफ्नो उद्दार गरियोस् भनी मागे, गिदगिदाए । बामनले भने, 'मसँग तिमीलाई उद्दार गर्ने शक्ति नै छैन ।' तिमी आफ्नो उद्दार चाहन्छौ भने लोकेश्वरको शरणमा जानु ।' यहाँ एक प्रश्न उठ्छ, विष्णु भगवानले उद्दार गर्न नसक्ने, 'लोकेश्वर' ले उद्दार गर्न सक्ने, यो 'लोकेश्वर' को हुन् त ?

'लोक एव ईश्वर' लोक नै ईश्वर हुन् । यहाँ लोक भन्नाले सम्पूर्ण जनता हो, सम्पूर्ण मानव जाति हो । अतः मानवतालाई बिर्सी जनताहरूलाई वास्ता नगर्नेलाई रक्षा गर्ने सामर्थ्य स्वयम् भगवान विष्णुसित पनि छैन भन्ने कुरोको यो प्रमाण हो ।

बलिराजाले देशबासी जनताहरूलाई के गरिराखेको थियो, यो पनि हेरौं । बामनले जो ३ पाईला जमिन आफू निश्चिन्तसँग लेट्न (बस्न) को निम्ति मागे यसबाट प्रमाणित हुन्छ कि त्यसबेला जनता यत्ति दरिद्र हालतमा थियो कि, उनीहरूसँग आफूलाई निश्चित भई बस्ने ३ पाईला जमिन पनि थिएन । यदि सबैसँग लेट्न (बस्न) सम्म पनि जमिन भएको भए बामनले ३ पाईला जमिन माग्नुपर्ने थिएन र बलिराजाले बामनलाई भन्ने थियो 'निश्चितसँग लेट्न (बस्न) आफ्नै जमिन छँदै छनि ।' बामनले ३ पाईला जमिन मागेकोले स्पष्ट गर्दछ कि बलिराजाको राज्यमा जनताहरूसँग आफ्नो एउटा शरीरसम्म पनि निश्चित भई लेट्ने (बस्ने) जमिन थिएन ।

जनतालाई त्यस्तो दरिद्र हालतमा राखी नित्य एउटा यज्ञ र बाहुनलाई मागे जत्ति दान दिने बलिराजाको धर्म अधर्म सिवाय अरू भन्न सकिन्न ।

यस कथाले हिन्दू धर्म मात्र होइन, सम्पूर्ण मानव धर्मलाई प्रतिनिधित्व गर्दछ । स्पष्टतः मानव मात्रको पीर, मर्का, दीन, हीनतालाई वास्ता नगरी जुनसुकै धर्म गरे पनि त्यसले मानिसलाई स्वर्ग होइन, नरकमै गाड्ने छ भन्ने कुरा माथी बामनले बलिराजालाई पातालमा धसाएको बाट स्पष्ट भइसकेको छ । अतः आम जनताको कल्याणसँग सरोकार नराख्ने धर्म, साँचो अर्थमा धर्म होइन : यो धर्मको आडम्बर मात्र हो, अधर्म हो ।

आज धर्मको ध्वंग गर्नेहरूले धर्मको यस मूल मर्मलाई बिर्सिसकेका छन् । आज धर्म र अधर्म छुट्याउनमा ठूल्ठूला विद्वान विदुषी कविहरू पनि भ्रमजालमा फसिसकेका छन् ।

आफ्नो स्वार्थमा धक्का नपर्ने सजिलो धर्ममा मानिसहरू आज लागेका छन् । ठूल्ठूला सामन्तहरू पूजा 'पाठ गर्छन्', आफ्नो फुर्सद नभए पण्डित लगाएर यो काम गराउँछन् अनि आफू गरीब जनताको खेतीबारी, घरद्वार, गाईभैंसी कसरी हात पार्ने भन्नेमा दिन रात एक गरी लागेको हुन्छ । यस्तै ठूल्ठूला पूँजीपतिहरू मन्दिर बनाउँछन् पण्डितको खर्च पुऱ्याउँछन्, तर मेहनतकश जनताको श्रम चोरी गरेर उनीहरूको बाँच्ने बाटोसम्म पनि खोसेर आफ्नो कब्जामा राख्ने गर्छन् । आदिकालको बत्र यज्ञ, क्रतु यज्ञसँग आज मतलब छैन, कारण यस्तो यज्ञमा सबैको मेहनतबाट उत्पादित बस्तु एक ठाउँमा जम्मा हुन्छ, अनि भाग शान्ति समाजको सम्पूर्ण सदस्यहरूलाई समान भाग बाढिन्थ्यो । आदिकालको साम्यवादी समाजको यही चलन थियो । आजकल यज्ञ जजमान बस्यो, पुरोहित बस्यो मन का मन घ्यू, अन्न स्वाहा गऱ्यो । अनि भन्थ्यो हामीले खूब धर्म गऱ्यौ । पुरानो ऋषि मुनीहरूको खाने मन्त्र थियो 'ॐ सहना भवतु, सहनौ भुनक्तु सह वीर्यं करवा पहै, तेजस्वीनामधित मस्तु मा विद्विषा बहे ।' यो साम्यवादी मन्त्र हो । यसमा सबैसँग बस्ने, सबै मिलेर खाने र सबै मिलेर काम गर्ने, सबैको तज पराक्रम चाहने र आपसमा द्वेषभाव नराख्ने कामना गरेको छ । यो मन्त्र आजकलको शोषक समाजमा काम लागेन । आज एउटाले काम गर्ने अर्कोले खाने समाज छ । यसै निम्ति पण्डितहरूले यस समाजलाई सुहाउने नयाँ मन्त्र बनाई दिएको छ, 'अन्नो ब्रम्हा, रसा विष्णु, भोक्ता दैवो महेश्वर' अन्न ब्रम्हा भयो, यसको रस विष्णु भयो, खाने महादेव, 'यहाँ एक्लैले खाए पनि भयो । आफूले ८४ व्यञ्जन खाएर अर्कालाई जुठो ख्वाए पनि भयो ।

यस्तै ब्रम्हा गायत्री 'ॐ भूर्भव स्वतत्' साम्यवादी मन्त्र थियो भने, अर्को गायत्री, 'ॐ शिखानाय' व्यक्तिवादी गायत्री मन्त्र हो र अरू कसैलाई दिएको गायत्री 'ॐ नमोबागेश्वराय', ठग मन्त्र हो ।

यसरी समय बित्नाको साथै सामन्ती दुअन्नमा पल्केका पण्डितहरूले धर्मलाई पनि तोड मरोड गर्दै आजको स्थितिमा पुऱ्याए । भनिन्छ, 'सर्वे धर्माः राजनीतो प्रविस्ता' सारा धर्म राजनीतिमा घुसेको हुन्छ र सामन्ती राजनीति चलेको ठाउँमा धर्म पनि सामन्ती स्वार्थ अनुकूल नै बनाई दिएको हुन्छ ।

महाभारतको युद्धपछि शैयामा लेटि रहेका भीष्म पितामहलाई द्रौपदीले भने, 'जुन बेला दुष्ट दुशासनले भरी सभामा चीर हरण गरी मेरो बेइज्जत गर्न लागेको थियो त्यस बेला हजुर जस्तो पुरुषार्थी र विद्वान व्यक्तिले एक शब्द पनि बोलिबक्सनु भएन', यसमा भीष्म पितामहले भने, 'के गर्ने, मैले त्यसबेला दुष्ट राजा दुर्योधनको कुअन्न खाई राखेको थिएँ, यस कुअन्नले बनेको मेरो कुबुद्धिले गर्दा मैले तिमी माथी भएको अन्यायको विरोध गर्न सकेन । अब मैले यस्तो कुअन्न नखाएको ३ महिना भयो, यसै निमित्त म अहिले भन्न सक्छु कि तिमी माथी अन्याय भएको हो ।'

कुअन्नको प्रभाव कति कडा हुन्छ भन्ने कुरो यसले स्पष्ट गर्दछ ।

खासगरी जब विद्वानहरूले सामन्ती शोषकहरू अथवा पूँजीवादी शोषकहरू अथवा साम्राज्यवादीहरूद्वारा दिईने कुअन्नमा आफ्नो जीविका चलाउनु पर्ने हुन्छ अनि उनीहरूको मति भ्रष्ट हुन्छ भन्ने कुरो महाभारतको शान्ति पर्वमा भीष्म पितामहले द्रौपदीलाई भनेको उपरोक्त कुरोले स्पष्ट गर्दछ । सामन्ती शोषकहरूद्वारा पोषियका विद्वानहरूले सही धर्मको सट्टा गलत धर्म देखाएर अधर्ममा फसाएका हुनाले नै श्री कृष्णले भनेको हो ।

'सर्व धर्मात् परित्वज्य मामेकं शरणं ब्रज ।<br>अहं त्या सर्व पापेभ्यों मोक्ष्ययिष्यानि मा शुद्य ॥

भगवान श्री कृष्ण भन्नु हुन्छ, 'सारा धर्मलाई छोडिदेउ, म एउटाको शरणमा आउ, अनि तिम्रो सम्पूर्ण पापदेखि, म तिमीलाई मुक्त गरी दिनेछु ।' यसको अर्थ के हो ? कृष्णले 'म' भनेर केलाई भनेको ? के कृष्णले व्यक्तिगत रूपले आफूलाई 'म' भनेको हो ? होइन, ब्रम्हाशान भएको मानिसको निम्ति अहम '(म) र त्वम' (तिमी) भन्ने भावना खतम भइसकेको हुन्छ । उनीहरू भन्छन् 'म', 'तिमी' भनेर जो भेद संसारमा देखिरहेको छ त्यो अध्यासमय हो, काल्पनिक हो, लौकिक व्यवहार मात्र हो र मिथ्या हो र 'सर्व ब्रम्हा, अहं ब्रम्हा' यही सत्य हो । "सबै ब्रम्हा हो, म ब्रम्हा हुँ" यही परमार्थ यही पूरा लक्ष्य हो । ब्रम्हा सुत्र शाद्धर भाग्यमा के छ ? भन्ने लेखिएको भूमिकामा शहीद श्री शुक्रराज शास्त्रीले यस कुरोलाई स्पष्ट गर्नु भएको छ । स्पष्टतः जसले सबैमा ब्रम्हा देख्दछ उसैले आफूलाई ब्रम्हा हुँ "अहुँ ब्रम्हा" भन्न सक्दछ । कृष्णका 'म' सर्वव्यापी 'म' हो, मानव मात्रको साझा 'म' हो, सम्पूर्ण जनता हो । कृष्ण आफू एउटालाई ईश्वर भन्ने पक्षमा छैन । कुनै व्यक्ति विषेश चाहे सो व्यक्ति राजा, बादशाह या जो सुकै किन नहोस् जसले आफूलाई नै भगवान थान्दछन्, भने यस्तो व्यक्ति देवता होइन दानव हो र यस्तो व्यक्ति अन्तमा पतन भई नरकमा खस्दछ भन्ने कुरा श्री कृष्णले गीताको १६ औं अध्यायको १३ औंदेखि १६ औं श्लोकमा स्पष्ट साथ भनी दिएका छन् । 'मैले आज यति कमाएँ, मेरो यो मनोरथ पूरा हुन्छ, मलाई अझ यति धन हुनेछ, आज मैले यो शत्रु मारें, अब अझ म अरूलाई पनि मार्नेछु, म ईश्वर हुँ, संसार मेरो भोगको निम्ति हो । म बलवान र सुखी हुँ, म उच्च कूलमा जन्मेको कुलीन हुँ र म जस्तो अरू को छ ? भन्ने यस प्रकारको अज्ञान, मोह र भ्रान्तिमा परी विषय भोगमा आसक्त मानिसहरू नरकमा पर्छन् ।'

यस्ता कुराहरू संसारको प्रत्येक कुनाकाप्चामा पनि नभएका होइनन् । बेलायतको इतिहासको पन्ना पल्टाएर यस्ता कुराहरू नपाईने होइन, त्यहींका राजाहरूले भन्ने गर्थे, "हामीलाई ईश्वरले संसारमा भोग गर्न पठाएको हो, जनताको काम हाम्रो सेवा गर्नु हो ।" बेलायतका यस्ता राजाहरूलाई त्यहाँका क्रान्तिकारी जनताले नरकमा नै पठाई दिए । हाम्रो इतिहासमा हिरण्यकश्यप महाराज यस्तै थिए । उनी भन्ने गर्थे, "मै ईश्वर हुँ ।" प्रल्हादको दलको भनाई हो "सम्पूर्ण जनता नै ईश्वर हो" यसै निम्ति जहाँ हिरण्य कश्यप आफ्नो कल्याणको नारा दिन्थे, प्रल्हादको नारा थियो, "ॐ नमो बासुदेवाय" अर्थात बासुदेवलाई नमस्कार छ ।

यो बासुदेव को हुन् ? गीताको ७ औं अध्यायको १९ औं श्लोकले यस कुरोलाई स्पष्ट गर्दछ । "बासुदेवः सर्वमिति ।" अर्थात् सबै मानव जाति नै बासुदेव हुन् । यस संघर्षमा प्रल्हादले अनेक कष्ट सहनु पऱ्यो, पहाडबाट खसालियो, आगोमा होमियो, हात्तीद्वारा कुल्चाइयो । यी सबै कष्टहरू प्रल्हादले दृढताका साथ झेले, आखिर अन्तमा विजय प्रल्हादकै भयो । मलाई कसैले मार्न शक्तैन भनी घमण्ड गर्ने हिरण्यकश्यपलाई नर्सिंहले नष्ट गरी दिए । यहाँ नर्सिंह भन्नाले एक व्यक्ति, मानिस र सिंहको मिश्रित रूप नभई सिंहका रूपमा उठेका सम्पूर्ण जनता हुन् भन्ने कुरा "नर्सिंह पूर्वतापिन्युपनिषत्" को द्वितीय खण्डमा स्पष्ट हुन्छ । त्यसमा नृसिंह एक्लो नभई नृसिंहको विशाल र भयंकर सेनाले हामीलाई हमला नगरोस् भनिएको छ । स्पष्ट छन् यो विशाल र भयंकर क्रान्तिकारी जनता नै वास्तविक नृसिंह हुन् । नृसिंह बारे त्यसै भागमा भनिएको छ, "नर्सिंह सबै मानिसहरू र देवताहरूमा व्याप्त छ । नर्सिंहलाई सर्वतोमुखी किन भनिन्छ भन्दा यस उपनिषदमा भनिएको छ : "सर्वाणि भूतानि ।" सबै मानिसहरू भएकोले "यष्मात् सर्वेदां भूतानां ना वीर्यतमः श्रेष्ठतमश्च सिंहो पीर्यतमः श्रेष्ठतमः । हरमात् नर्सिंह आसीन्परमेश्वरो जगद्वितं... !"

मानिस र सिंह जस्तो वीर पराक्रमी र उच्च अरू हुँदैन यसै निम्ति जगतको हीतमा सिंह जस्तै पराक्रमी भएर उडेका जनता नै नरसिंह हो र यही नै भगवानको रूप हो । हिरण्यकश्यप जस्ताले नै आफू एक्लैलाई ईश्वर र अरू बाँकीलाई तुच्छ सम्झन्छ र उनीहरू माथी नीच व्यवहार गर्ने गर्दछन् । तर बासुदेव भन्नाले सम्पूर्ण जनता हो र जब यही जनता सिंह भएर उठ्छ अनि यसैलाई नरसिंह अवतार पनि भनिएको छ । यस्तो नरसिहंले सबै मानव जातिलाई रक्षा गर्न र दुष्टहरूलाई नाश गर्ने गर्छन्, यसैले यसलाई उग्र पनि भनिन्छ ।

बामन अवतार बारे मानिसहरूले प्रश्न उठाउन पनि सक्दछन् कि एउटा पुड्को बाहुन कसरी यत्रो ठूलो भयो ? श्री कृष्ण भन्नु हुन्छ "हर चीज तत्व ज्ञानबाट जान ।" तत्व ज्ञान हुनु अति आवश्यक छ । याद गर्नुपर्ने कुरो बामन एउटा ब्राम्हण हो । ब्राम्हण कसलाई भनिन्छ ? ब्राम्हण उही हो जसले ब्रम्ह ज्ञान प्राप्त गरेको हुन्छ । अर्थात् जसले सम्पूर्ण मानवको आत्मा एकै हो, सबै मानिस बराबर हुन्, सबैको दुःखसुख एउटै हो भन्ने कुरामा दृढ ज्ञान प्राप्त गरी आफू र अरूको बीच कुनै भेद ठान्दैनन् । यस्तो ब्रम्ह ज्ञानीले सम्पूर्ण जनताको दरिद्रता बिर्सी आफू एक्लैको निम्ति तीन पाईला जमिन माग्न जाँदैन । बामनले जो मागे सम्पूर्ण जनताको निम्ति मागे । सम्पूर्ण जमिन सामन्तीहरूले ओगति सकेको हुनाले बलिराजासँग ती जनतालाई तीन पाईला जमिन दिने ठाउँसम्म पनि बच्न गएन र ती सम्पूर्ण दरिद्र जनतानै बामन हुन् र जसलाई बामन भनियो दरिद्र जनताको नेतृत्व मात्र गरेका हुन् र यी सम्पूर्ण जनता मिलेर नै उनको विशालकाय (शरीर) बनेको हो, उनी एक्लैले संसार ढाकेको होइन । यही जनताको पाउ पर्ने आदेश बामनले बलिराजालाई दिएको हो ।

श्री कृष्णले एक कुरो सही भन्नु भएको छ, "जब जब धर्मलोप हुन्छ तबतब धर्मको स्थापनार्थ म आफूलाई श्रृष्टि गर्छु ।" क्रान्तिकारी नरसिंहको अवतार बराबर भएकै देखिन्छ, जब जब अन्याय बढ्छ, न्यायको निमित्त नरसिंह भएर जनता उठ्छ, त्यसबेला यो नरसिंहलाई कसैको कुनै अभोग शस्त्र अस्त्रले पनि छुन सक्तैन ।

भगवान कुनै मानिसमा बढी र कुनैमा कम हुँदैन । कृष्णको भनाई हो "समोह सर्व भूतेषु नमे द्वेष्योस्ति नप्रिय" अर्थात् म सबैमा बराबर छु र मेरो निम्ति बढ्ता मनपर्ने वा मन नपर्ने कोही छैन ।

अब हामी कृष्णको 'म' शब्दमा जाऊँ । यो 'म' सबैमा छ र कृष्णले आफू र अरू सबै एउटै हो भन्ने पूर्ण भावना र यही अनुरूप काम गर्ने शक्ति प्राप्त गरिसकेका थिए । कृष्णले अरूलाई र आफूलाई फरक नसम्भिकन एउटै भन्न सकेका छन् । त्यसै निम्ति कृष्णको भनाई "सर्व भूतष्चमात्मानं सर्व भतानिचात्मनि ईक्षते योगयुक्तात्मा सर्वत्र सम दर्शनः" अर्थात् योग सिद्ध भइसकेको मानिसले आफूलाई सबैमा देख्दछ र अरू सबैलाई आफूमा देख्दछ ।" यसै निम्ति आफू समेत अरू सबैलाई एउटै हो भन्ने दृष्टिले देख्दछ । यसै अर्थमा कृष्णले यो पनि भनेका थिए कि, "यो मा पश्यति सर्वत्र, सर्वचयमयि पश्यति । तल्याहम् नप्रणल्यानि सधःमै नप्रणश्यति ।" जसले आफूलाई सबैमा देख्दछ र सबैलाई आफूमा देख्दछ । त्यसको निम्ति ईश्वर नाश हुँदैन र ईश्वरको निम्ति उनी नाश हुँदैन । कृष्णको भनाई हो, "सम सर्वेयु भूतेपु सिष्ठतं परमेश्वरम् । विमश्यत्स्वश्रिमस्यन्तं थः पश्यति सवस्यति ।" अर्थात् परमेश्वर सबै मानिसहरूमा समान रूपले रहेका हुन्छन् र व्यक्तिगत रूपले मरे पनि सम्पूर्ण मानवमा रहेको त्यो परमेश्वर अर्थात् मानव जाति कहिल्यै नाश हुँदैन । यो कुरो जसले देख्न सक्छ उसैले मात्र देख्न सक्छ । जसले आफू र अरू एउटै हो भन्ने पूर्ण ज्ञान प्राप्त गरी सकेको हुन्छ उसले नै आफ्नो निजी स्वार्थ नखोजी र आफ्नो कामको फल भोग्ने आशा नगरी सम्पूर्ण मानवको हीतमा लाग्न सक्छ ।

मानवतावाद नै श्री कृष्णको दर्शनको मूल सिद्धान्त हो भन्ने कुरो कृष्ण बारेको २ घटनाहरूले स्पष्ट गर्दछ । एक घटना हो श्री कृष्णको रुक्मणिसँगको विवाद, राजाको छोरी रुक्मणि सामाजिक व्यवहार राम्ररी गर्न चाहन्थे, तर क्रान्तिकारी कृष्णसँग यति धन थिएन कि यी सबै व्यवहारहरू राम्ररी गरुन्, यसै सन्दर्भमा रुक्मणिलाई श्री कृष्ण भन्नु हुन्छ, विदर्भ राजकुमारी ! तिमीले मसँग बिहे गरेर ठूलो भूल गऱ्यौ । म जरासंध आदि राजाहरू देखि डराएर समुद्रको शरणमा आएर बस्नु परेको छ । अरूलाई मानिस नगन्ने ठूल्ठूला बलवानहरूसँग मेरो शत्रुता छ । मसँग कुनै राज्य छैन । म कुन सिद्धान्तमा लागिरहेको छु, मेरो सिद्धान्त के हो, यो पनि मानिसहरूलाई थाहा छैन । हामीहरू समाजमा चलिररेका लोक व्यवहार (भित्री व्यवहार) पनि राम्रोसँग गर्दैनौं । हामी स्त्रीहरूसँग अनुनय-विनय गरेर रिझाउन पनि जान्दैनौं । जुन स्त्रीले हामी जस्तो मानिसको साथ दिन्छ, उनीहरूले अक्सर दुःखै भोग्नु पर्छ । सुन्दरी ! म त सधैंको धनहीन हुँ । मसँग न कहिले केही थियो, न हुनेछ । यस्तै गरिबहरूसँग म प्यार गर्दछु । उनीहरू पनि मलाई प्यार र माया गर्छन् । यसकारण आफूलाई धनी सम्झनेहरू मसँग प्रेमभाव

राख्दैनन् र मेरो वास्ता गर्दैनन् । श्री कृष्ण फेरि भन्नु हुन्छ, 'म स्त्री, सन्तान र धनको लोभी होइन ।' श्री कृष्णबारे पञ्च पण्डितहरूको आमा कुन्ती भन्नुहुन्छ, "श्री कृष्ण आफू र अरूमा फरक नदेख्ने, जगतको परम हितैषी र मित्र हुन् । साथै अनाथ र कमजोरहरूको एक मात्र सहारा र सबैलाई उत्तिकै माया गर्ने हुन् ।"

श्री मद्भागवत् दशम स्कन्दमा उल्लेखित अर्को घटनाले श्री कृष्णको दर्शनलाई अझ स्पष्ट गर्दछ । एक दिन ग्रीष्म ऋतुको बेला, घोर ताप दिएर घाम लागिरहेको थियो । त्यसबेला श्री कृष्ण वृन्दावन नाघेर घोर जंगलबाट साथीहरूसँगै यमुना नदी तिर गइरहेको थियो । त्यसबेला श्री कृष्णले रुखहरूलाई देखाएर भन्नु हुन्छ, "सार्थक जीवन उनीहरूकै हो, कारण यी रुखहरूले जीवनभर मानवताको सेवा गरेको हुन्छ, छायाँ दिएर, फूल दिएर, सुगन्ध दिएर, फल दिएर, पातहरू दिएर र पछि दाउराको रूपमा आगो दिएर अनि गोल भइसकेपछि पनि आगोको रूपमा मानिसहरूलाई गर्मी दिएर ।"

मानिसहरू अक्सर श्री कृष्णले आफ्नो सेवा गर भनेको छ भनी भन्छन् । श्री कृष्णले कहिल्यै आफ्नो सेवा खोजेनन्, उनले चाहेको हो मानवताको सेवा । सम्पूर्ण मानव तथा प्राणीहरूलाई आफैं सम्झन्छ र सम्पूर्ण प्राणीको सेवा अथवा कल्याणको निम्ति काम गर्नु नै श्री कृष्णको आफ्नै निम्ति गरेको सेवा वा कल्याण कार्य सम्झन्छन् । श्री कृष्णले गीतामा बेला बखतमा 'म' शब्द प्रयोग गरेका छन् । तर त्यो 'म' आफू एक्लोको म नभई सबै प्राणीमा व्याप्त साझा 'म' हो र श्री कृष्णले यही साझा 'म' लाई 'म' भनेका छन् । संसारमा सबैभन्दा ठूलो ज्ञान अथवा ठूलो दर्शन, तर आफू र अरू एउटै हो भन्ने भावनाले ओतप्रोत हुनु सबैभन्दा गाऱ्हो कुरो हो ।

जब मानिसले दाँया हात र बाँया हातमा कुनै फरक नदेखे झैँ आफू र अरूमा कुनै फरक देख्दैनन्, तब त्यस्तो मानिसबाट न कुनै पाप कर्म गरिएको हुन्छ, न उसलाई पापले नै छुन सक्नेछ । यसै मानेमा श्री कृष्णले सारा धर्म छोडेर 'म' भन्ने एक कुरोको शरणमा आउ म तिमीलाई सबै पापबाट मुक्त गरिदिन्छु भनेका हुन् । यो कुरो भन्नु भन्दा अघि श्री कृष्णले भनिसकेका थिए कि,

"ईश्वर सर्वभूतानां हृद्देश्ये अर्जुन तिष्ठति !
भमयन् सर्वभूतानि यन्त्रा रुढानिभायया ।
त्वमेव शरणं गच्छ सर्व भावेन भारत !
तत् प्रशादत् पराम् शान्ति स्थानं प्राप्य सि शाश्वतम् ।"

अर्थात् ईश्वर सबै प्राणीको हृदयमा बसेको छ, उही ईश्वरले यन्त्रमा चढेको मान्छे घुमाए झैँ सबैलाई घुमाउँछन् । त्यो ईश्वर सबैमा छ भन्ने भावना लिएर त्यसकै शरणमा जाउ, उनैको प्रशाद वा कृपाले तिमीले ठूलो शान्ति र शाश्वत पद प्राप्त गर्नेछौं ।

यसरी हर तरिकाले श्री कृष्णले मानव मात्र ईश्वर हो भन्ने सम्भाई सकेपछि, आफू र अरू सबै एउटै हो भन्ने बुभाई सकेपछि नै त्यो साभा 'म' को रूपमा मेरो शरणमा आउ भनेर भनेका हुन् ।

स्पष्टतः यसरी आफू र अरूलाई एउटै सम्भेर निःस्वार्थ भावले सम्पूर्ण मानवको हीतको निम्ति काम गर्नु नै सर्वश्रेष्ठ धर्म हो भन्ने कुरो श्री कृष्णले सम्भाएका छन् ।

आफूसँग पैसा छ भने एक हजार ब्राम्हण बोलाएर ब्राम्हण भोजन गराएर अथवा सौ-पचास गरिबलाई ख्वाएर उनीहरूलाई सौ-पचास कम्मल बाँटेर धर्म गर्नु कुनै गाऱ्हो काम होइन । यस्तो धर्म तामसी धर्म भन्दा माथी उबलेको धर्म होइन । तर सम्पूर्ण मानवलाई आफैं सम्भेर सम्पूर्ण मानिसहरूको जीवन सदाको निम्ति सुखमय बनाउने कार्य दुष्कर कर्म हो । यस्तो मानिस सत्व, रज, तमबाट माथी उठिसकेको हुन्छ, निष्काम कर्मद्वारा जीवन मुक्त भइसकेको हुन्छ । यस्तो मानिसको निम्ति धन, मान, प्रतिष्ठा वा स्वर्ग जाने लोभ सारा नष्ट भइसकेको हुन्छ र आफू मुक्त भएर निर्वाण पद प्राप्त हुन्छ कि हुँदैन भन्ने कुरो पनि बिर्सिसकेको हुन्छ । श्री कृष्णले गीताको ५ औं अध्यायको २५ औं श्लोकद्वारा भन्नु भएको छ । "मनमा पाप नभएको, धोमन नभएको र आफ्नो मनलाई आफ्नो बसमा राख्न सक्ने मानव नै सम्पूर्ण मानवको हीतमा लाग्न सक्छ र यस्ता मानिसहरू नै ऋषि हुन् र उनीहरू जीवनमुक्त भएर उनीहरूले नै ब्रम्ह निर्वाण प्राप्त गर्दछन् ।"

यस्तो मानिसलाई पानीले कमलको पातलाई छुन नसके भैँ कुनै दुःखले छुन सक्दैन । कार्ल मार्क्सले एक ठाउँमा भनेका थिए, "जब मानिसले सम्पूर्ण मानवको निम्ति काम गर्न थाल्छ उनको निम्ति कुनै बोभ पनि बोभ महशुस हुँदैन ।" श्री कृष्णले मुक्तिको बाटो मानवताबाट अलग भगवान पूजा रोगः होइन, मानवताको सेवाबाट प्राप्त हुन्छ भन्ने कुरामा जोड दिँदै भन्नुहुन्छ, "ब्रम्हत्व प्राप्त गरेको मानिसले हर बखत प्रसन्न चित्त भएर न कुनै कुराको अफशोच गर्छ, व्यक्तिगत रूपले न कुनै कुराको इच्छा राख्दछ, उनले सबै प्राणीमा समभाव राखेर भगवानको परम भक्ति प्राप्त गर्दछ ।" साथै कृष्णको भनाई हो "ईश्वर सबै प्राणीको हृदयमा बास गर्दछ र उही ईश्वरले सबै प्राणीलाई आफ्नो मायाले यन्त्रले चलाए भैँ चलाउँछ । त्यसैकारण कृष्णले अर्जुनलाई भन्नुहुन्छ सबैमा व्याप्त उहीँ ईश्वर सबैमा छ भन्ने भावना लिएर उनैको शरणमा जाऊँ र उनैको प्रशादले शाश्वत पद प्राप्ती हुनेछ ।" स्पष्टतः मानवमात्रको सेवा नै धर्मको मूल हो र अरू अग्रम बग्रम् धर्म गरेर धर्म हुने होइन ।

सवाल छ, मानव सेवाको तात्पर्य के भयो ? के जनता चुसेर दमन गरेर, जनतालाई बेकारी तथा भुखमरीको शिकार बनाएर, बलिराजाले भैँ जनतालाई कहाँ बसौं, के गरुँ भन्ने समस्या उत्पन्न गरेर अनि विश्व शान्ति होस् भनी यज्ञ गरेर अनेक देवी देवताको मन्दिर चहारेर दिनभरी हरेराम कीर्तन गाएर, गालामा लागेको दही चाटेर, दूध दही र फलफूलले मस्त भएर ईश्वरको नाउँ लिँदै नाच्दै गरेर अथवा सानातिना

कुराहरूमा परोपकार गरेर, गरिबहरूलाई कहिलेकाही खुवाएर अथवा कम्मल बाँडेर मात्रै धर्म हुने हो ? के जनसेवाको यही रूप हो । पहिले जनतालाई चुसेर धन जम्मा गऱ्यो, अनि त्यहि धनको एक अंश दान दातव्य वा परोपकार गरेर जनताको सेवा हुने हो ? अथवा कल्याणकारी राज्यको नाउँमा जनता माथीको शोषण र दमन यथावत् राखेर जनतालाई एकाध सहुलियत दिएर मानवप्रतिको कर्तव्य पूरा हुने हो ? निश्चय नै यस्तो कार्य राक्षसहरूले मानिसको रगत चुसेर अनि त्यस ठाउँ माथी मल्हम पट्टि लगाई लिने जस्तो मात्र हो । यदि सम्पूर्ण मानिस नै बासुदेव हो अथवा ईश्वर हो भने उनीहरू माथीको शोषण, दमन निर्मूल गर्नु अथवा यसको निम्ति संघर्ष गर्नु नै सही अथवा मानवको सेवा वा धर्म हो ।

जनतालाई शोषण, दमनबाट मुक्ति दिलाई सामाजिक, आर्थिक एवं राजनीतिक आदि सबै क्षेत्रमा जनतालाई देशको मालिक बनाउने कार्यमा निःस्वार्थ भावले निरन्तर संलग्न रहनु नै धर्मको मूल हो, बम्ह प्राप्त गरी मुक्ति हुने बाटो हो ।

कृष्णको भनाई छ "परित्राणाय साधुनाम बिनाशायच दृष्कृताम्..." अर्थात् सज्जन् मानिसहरू अर्थात् अर्कालाई दुःख नदिने मानिसहरूको रक्षा गर्नको निम्ति र मानिसहरू माथी शोषण दमन अत्याचार गर्ने र दुःख दिने दृष्टहरूको नाश गर्नको निम्ति बेला-बेलामा अवतारित हुनेछ अर्थात् बारम्बार नरसिंह भएर अवतार लिने छु । बराबर हुँदै आएको क्रान्तिकारी विष्फोट यसैको लक्षण हो । यस कुरोलाई मानिसहरूले तत्व ज्ञानद्वारा बुझ्ने गर्छ । यस दृष्टिकोणबाट कृष्ण एउटा ठूलो दार्शनिक मात्र नभई, एक महान् क्रान्तिकारी पनि हुन् । उनको जन्मकालदेखि ठूलो संघर्ष गरेर आउनु पर्थ्यो । जन्म भयो जेलमा । जन्मिने बितिकै मार्ने भयले जमुनामा बढेको वर्षाको बाढीको सामना गरी मथुराबाट गोकुलमा राख्न लगियो र उहीँलाई आफ्नै माता पिताले होइन अरूले हुर्काए । श्री कृष्णलाई मार्न बीच-बीचमा अनेकौं दाउ पेच र षड्यन्त्रहरू चलिनै रह्यो । उहाँलाई मार्न आफ्नै मामा कंशले कम कोशिस गरेको होइन, आखिर अत्याचारी कंश महाराज श्री कृष्ण कै हातबाट खतम भयो । जरासंघ राजाले उहाँलाई उत्तिकै दुःख दियो । भूमिगत भइ गाउँमा बस्दा जरासंघले सारा गाउँलाई नै सताउन थाल्यो, अनि उहाँले त्यो गाउँ छाडी पहाडमा लुकेर बस्न जानुभयो । श्री कृष्ण त्यस पहाडमा छन् भन्ने थाहा पाइ त्यस पहाडको चारैतिर आगो बाली उहाँलाई जिउँदै डढाउने कोशिस भयो र उहाँले सो आगो नाघेर कुडेर भाग्नु पर्यो । यस्तो अनेकौं आपद् र कष्ट झेल्दै उहाँ अगाडि बढे । उनको यो क्रान्तिकारी जीवनलाई बदनाम गर्न र उनको चरित्र हत्या गर्न सामन्ती पण्डितहरूले उहाँलाई "मख्खन चोर" १६ हजार गोपिनी राख्ने इत्यादी प्रचार गरे किताबहरू लेखिए र सामन्तहरूले श्री कृष्णको झूठा उदाहरण दिएर आफूले महिलाहरूको जीवनसँग खेल्ने र अनेक कुकर्म गर्न बाटो खोले । कृष्णलाई सामन्ती भन्ने संज्ञा दिएर कृष्णको सम्पूर्ण दर्शनप्रति घृणा फैलाई मानिसहरूको ज्ञान माथी कालो पर्दाले धाक्ने काम गर्छन् ।

मख्खन भर्दै सामन्तहरू कहाँ सलामी (नजराना) लैजाने मख्खनको मट्का (भाँडो) उहाँले अवश्य पनि तोडे । कारण उहाँ यस्तो सामन्ती शोषणको विरोधी थिए । कृष्णले

गोपिनीहरूलाई इन्द्रको पूजा गर्नुको सट्टा सबैको गाई चराउनु पर्ने गोबर्धन पहाड पूजा गर्न लगाए ।

श्री कृष्णलाई चरित्रहीन साबित गर्न १६ हजार गोपिनीहरूलाई कृष्णको रखेलको रूपमा चित्रण गरिन्छ । तर याद गर्नुपर्ने कुरो श्री कृष्णयोग सिद्ध पुरुष हो, जसले आफ्नो मनलाई बसमा राख्न सक्दछन् र महादेवले झैँ काम बासना माथी विजय प्राप्त गरेका व्यक्ति हुन् । उहाँले गीतामा बारम्बार ब्रम्हाचर्य माथि जोड दिनुभएको छ ।

योग अभ्यास गर्दा उहाँ भन्नुहुन्छ, "प्रशान्तात्मा विगत भी ब्रम्हाचारी ब्रते स्थितः । मन संयम्य भच्चितोयुक्तआसीत मत्पर ।" "मतलब हो पूर्ण शान्त र निर्भय भएर ब्रम्हाचार्य ब्रतमा दृढ भएर मनलाई बसमा राखौं समस्त प्राणीमा व्याप्त ईश्वरमा ध्यान लगाऊँ ।" यस्ता मानिसले आफ्नो मनलाई काबुमा राखेर आफ्नो आत्मा र अर्काको आत्मा एउटै हो भनी मिलाउँछन्, उसले शान्ति प्राप्त गर्दछ । काम वासना, क्रोध, लोभलाई उहाँ पापको घर भन्नुहुन्छ, "आफ्नो सम्पूर्ण इन्द्रियलाई यसमा राखी, सबै मानिसहरू बराबर हुन् भन्ने ठानी, सम्पूर्ण प्राणी हीतमा लाग्नेले नै ईश्वर प्राप्त गर्दछ । काम वासना र क्रोध माथी विजय प्राप्त गर्ने कुरामा श्री कृष्णले बारम्बार जोड दिएका छन् । र यान्त्रिक भई सामन्तका दलालहरू ब्रम्हचर्य माथी घृणा फैलाएर दुश्चरित्र भएर हिँड्नु आफ्नो अधिकार सम्झन्छन्, यसैलाई स्त्री स्वतन्त्रताको संज्ञा दिने गर्छन् ।

श्री कृष्ण न धेरै खाने पक्षमा छन्, न उपबास बस्ने पक्षमा । व्यहारमा पनि उचित हुनु पर्छ भन्ने श्री कृष्ण अति ज्यादा भोगको विरोधी हुनुहुन्छ । श्री कृष्ण भन्नुहुन्छ, "यो चञ्चलमय जताततै जान खोज्छ, यसलाई खिचेर आफ्नो बसमा राख ।"

श्री कृष्ण सबैलाई मित्रवत् ठान्ने र कसैको दुःख हेर्न नसक्ने र सबैप्रति करुणा भावले ओत प्रोत व्यक्तित्व हुनुहुन्छ । उही घमण्डको लेश मात्र पनि नभएको विनम्र भन्दा विनम्र व्यक्तित्व हुनुहुन्छ भन्ने कुरा महाराज युधिस्थिरको राजसुय यज्ञमा उहाँले लिएको कामले देखाउँछ । अरूहरूले ठूल्ठूला कामको जिम्मा लिए, तर श्री कृष्णले सम्पूर्ण पाहुनाहरूको पाउ धुने काम लिनुभएको थियो । दुष्ट बुद्धि राख्ने दुर्योधन महाराज कहाँ ८४ व्यञ्जनले युक्त भोजन छाडी विदुर कहाँ आएर केराको बोक्रा पनि खुसी भएर खाने, श्री कृष्ण अनि बनबासी द्रौपदी कहाँ सागको त्यान्द्रो खाई सन्तुष्ट हुने श्री कृष्णलाई ऐयासी भनी प्रचार गर्नेहरू शोषकहरूको कुअत्रले पोषेका विद्वान्हरू भएर पनि कुयुद्धिले भरेको दलालहरू मात्र हुन् भन्ने कुरामा केही शंका छैन ।

श्री कृष्ण ऐयासी होइन, उहाँ भोग विलासमा दुब्ने व्यक्ति पनि होइन साथै उहाँको सम्पूर्ण जीवन आफ्नो निजी फाइदाको निम्ति होइन, सम्पूर्ण मानव मात्रको जीवनमा क्रान्तिकारी परिर्वतनको निमित्त अर्पित थियो भन्ने कुरो गीताको दोश्रो अध्यायको ४३ औं र ४४ औं श्लोकले स्पष्ट गर्दछ ।

श्लोक ४४ मा श्री कृष्ण भन्नुहुन्छ, “भोगैश्वर्य प्रसक्तानाम् तयापहृतचेतसाम् व्यवसायात्मिका बुद्धि समाधौनविधी यते ।” भोग ऐश्वर्य गर्दा नष्ट भएर जान्छ र आफ्नो निजी फाइदाको निम्ति काम गर्ने मानिसको बुद्धिले समाधी प्राप्त गर्न सक्दैनन् । अर्थात् स्थीर बुद्धिको हुन सक्तैन । यस्तो उच्च आदर्शले युक्त पुरुषलाई १६ हजार गोपिनीहरूसँग अनैतिक सम्बन्ध राख्ने रूपमा चित्रण गर्नु सामन्ती कुअन्नबाट उत्पन्न भएको कुयुद्धिको द्यीतक भन्दा अरू भन्न सकिँदैन । गोपिनीहरूसँग श्री कृष्णको सम्बन्ध एउटा संगठनात्मक सम्बन्ध बाहेक अरू हुन सक्दैन, क्रान्तिकारी श्री कृष्णलाई महिलाहरूको संगठनको पनि त्यत्तिकै जरुरी थियो, जत्तिको पुरुषहरूको । उहाँको क्रान्तिकारी संघर्षको लक्ष्य साम्यबाद नै हो भन्ने कुरो गीताको ५ औं अध्यायको १९ औं श्लोकले स्पष्ट गर्दछ ।

गीता सम्पूर्ण मानव एकै हो, सबैको सुख, दुःख एउटै हो र प्रत्येक मानिस आफू र अरू एउटै हो भन्ने साम्यवादी भावनाले ओठप्रोठ छ । फेरी पनि यस श्लोकले अझ स्पष्ट रूपमा भनेको छ कि, “इ हैज तैजिता सर्गो यषां साम्ये स्थिर्त मनः ।” अर्थात् जसको मन साम्य भावनामा स्थीर छ, उनीहरूले यही संसारमा सबै कुरा बुझेका हुन्छन् । अर्थात्, साम्यवादी भावना राख्ने (साम्यवादीहरूले) यसै संसार (धरती) लाई स्वर्ग बनाई लिन्छ । साम्यवादको यस उच्च आदर्शप्रति स्वयं श्री कृष्ण पनि समर्पित थिए ।

यसै उच्चादर्शको निम्ति श्री कृष्णको आफ्नो सम्पूर्ण जीवन लगाए, भोग ऐश्वर्यमा डुबेका अथवा आफ्नै सुख ऐश्वर्य प्राप्तिको निमित्त होइन । श्री कृष्ण सुखदुःखमा मापमाम सबैलाई एक समान ठान्नुहुन्छ । उहाँको कसैप्रति कुनै द्वेष छैन, सबैसँग मैत्री व्यवहार गर्नु हुन्थ्यो ।

सम्पूर्ण मानवलाई आफै सम्झनु र आफू र अरूमा कुनै भेद नदेख्नु र सम्पूर्ण मानवको जीवनमा क्रान्तिकारी परिवर्तन ल्याउनु, मानिस माथीको शोषण दमनको विरोध गर्नुको निम्ति आफ्नो जीवन अर्पण गरी मानवताको रक्षाको निम्ति दुष्टजनको संहार गर्नु र यी काम गर्दा आफ्नो निजी फाइदाको कुनै वास्ता नगर्नु आदि दुबै गुणले युक्त श्री कृष्ण निश्चय नै पूजनीय हुन् ।

अब कुरो उठ्छ पूजा कसरी ? श्री कृष्ण आफूलाई पूजा गरोस् भन्ने चाहँदैन । उहाँको निम्ति मानापमाम बराबर । पूजा गर्यो भन्दैमा उहाँ खुसी हुने कदापि होइन । सम्पूर्ण मानव मात्रको सेवा नै उहाँको सेवा हो, उहाँको पूजा हो ।

मानव जाति माथी भईरहेको अन्याय, अत्याचार, शोषण र दमनको विरोध गरी समस्त मानव जीवनलाई नै शोषण, दमनबाट मुक्त हुने कार्यमा डर, त्रास, भय नमानी निःस्वार्थ भावले आफूलाई समर्पित गर्नु नै उहाँप्रतिको पूजाको सही रूप हो । “सर्व भूत हिते रताः” समस्त प्राणीको हीत कार्यमा लाग्नु नै उहाँप्रतिको पूजाको सही रूप हो ।

प्रत्येक मानवले गर्नु पर्ने मानवप्रतिको यस कर्तव्य वा धर्मलाई बिर्सि उहाँको मूर्ति पूजा गरेर, ठूल्ठूला मुट्ठा टुपि राखेर स्वादिका प्रशादहरू र पैसामा भुलाएर आरामदाई कारहरूमा यात्रा गर्दै हरेराम हरेकृष्ण भन्दै उफ्री उफ्री नाचेर गालामा लागेको दही चाटेर, रात काटेर धर्म कमाए भन्थान्नेहरूले बलिराजासँग कुपित भए झैं भगवान कुपित हुने सिवाय प्रसन्न हुने कदापि होइन ।

मानिसहरू गरिबलाई दुई पैसा दान दिएर, गरिबलाई एक छाक खुवाएर, गरिबहरूमा कम्मल बाँडेर वा बाहुनलाई दान दिएर धर्म कमाए भन्ठान्दछन् । के यस्तो दुई पैसा माग्नु पर्ने, परमुखा पेक्षी भई अर्काले दिएको एकछाक खानुपर्ने, जाडो तार्न अर्काले दिएको कम्मल हात थाप्नु पर्ने स्थितिलाई नै सधैंको निम्ति उन्मूलन गर्नु के धर्मको मूल होइन र ? बाहुनलाई दान दिनु भन्दा बाहुनलाई दानै लिन नपर्ने स्थितिको श्रृजना गर्नु के धर्मको मूल होइन ?

निश्चय पनि 'धर्मको मूल हो एक यस्तो नयाँ समाजको श्रृजना गर्नु जुन समाजमा कसैले पनि परमुखा पेक्षी भइ माग्न नपरोस्, लाचार भइकन अर्काको अगाडि हात थाप्न नपरोस्, बाहुनले पनि दानकै मुख ताकेर बस्नु नपरोस् र यसै निम्ति सम्पूर्ण देशबासी जनताहरूको जीवन सम्पन्न, सुखी र सुनिश्चित हुने खालको एक नयाँ समाजको निर्माण गर्नु जहाँ जनता स्वयम् देशको सामाजिक, आर्थिक एवं राजनीतिक क्षेत्रमा मालिक भइ देशको निरन्तर विकास गरी आफ्नो देशलाई एक सम्मुन्नत देश बनाउने बाटो खुलोस् र देशको उन्नतिको फल सम्पूर्ण जनताले समान रूपले उपभोग गर्न पाउन्, जहाँ तुहुरा बालक बालिकाले मेरा आमा बाबु कोही छैन मैले के गर्ने, कसले पढाई (शिक्षा दिक्षा) दिने भन्नु नपरोस्, जुन समाजमा अशक्त बुढा बुढीले हामीलाई कसले हेरचाह गर्लान् अथवा बिरामी भयौ अब कसले उपचार गरिदिन्छ, कसरी बाँच्ने भन्ने चिन्ता लिनु नपरोस्, जहाँ प्रत्येक युवाहरूले कहाँ रोजगार पाउने, परिवार कसरी पाल्ने भन्नु पर्ने स्थिति नै नआओस् ।

यी सबै समस्याहरूको समाधान साम्यवादी समाजको स्थापना गरेर नै हुन्छ । अतः साम्यवादी समाजको स्थापना गर्ने कार्यमा निरन्तर निःस्वार्थ भावले लाग्नु नै जगतलाई धारणा गर्ने सर्वश्रेष्ठ धर्म होइन र ?

एक याद गर्नुपर्ने कुरा के हो भन्दा कुनै पनि धर्म राजनीतिबाट अलग्गिएर रहन सक्दैन । "सर्वे धर्मा राजनीतौ प्रविस्ता" अर्थात् "राजनीतिमै सबै धर्म प्रवेश गरेको छ ।" स्पष्टतः राजनीति स्वयम् एक धर्म हो, यदि यो राजनीति सम्पूर्ण जनताको निम्ति निःस्वार्थ भावले गरिन्छ भने ।

राजनीतिमा लाग्ने अथवा राजनीतिसँग सम्बन्धित व्यक्ति वा व्यक्तिहरूले राजयोगी पनि बन्न सक्नु पर्छ । राजनीति आफ्ना कुर्सी बचाउन, आफ्नो सुख, संयम, मोज मज्जा वा बैंक ब्यालेन्स बढाउनको निम्ति नभई सम्पूर्ण जनतामा सद्भाव राखी सबै जनताको

जीवनमा एक नयाँ परिवर्तन ल्याउनको निम्ति हुनु परेको छ । देशमा फैलिएको सम्पूर्ण कुरीति र कुनीति खस मगरी सम्पूर्ण देश र जनतालाई सही मार्ग देखाउनु नै सही राजनीति हो । राजनीतिले धनको लोभ गर्दैन, बैंक ब्यालेन्स बढाउँदैन । आफूलाई चाहिने दैनिक खर्चभन्दा बढी धन कमाउने २ नम्बरको बाटो खोज्दैन र आफ्नो सम्पूर्ण श्रम तथा साधन जनसेवामा लगाई जनता माथीको शोषण दमन, अन्याय, अत्याचार निर्मूल गरी जनजीवन सुनिश्चित गर्नको निम्ति नै कार्यरत रहन्छ र यस्तो कार्यबाट मात्रै जगतको धारणा पनि हुन्छ, अन्यथा धर्मको नाउँमा गरिने अरू कुनै प्रकारको कामले जनताको धारणा हुन सक्दैन । जगतको रक्षा हुन सक्दैन । यसैले धर्म गरौं, सम्पूर्ण मानव समाजमा क्रान्तिकारी परिर्वतन ल्याएर सबैको जीवन, सुखी सम्पन्न तथा सुनिश्चित बनाउनको निम्ति यस्तै अनुकूल कार्यमा हामी सबै संलग्न होऔं र सबैले निरन्तर रूपमा कार्य गरौं ।

सही धर्म यही हो र श्री कृष्णको यही सदिच्छा हो र यसै अनुकूल काम गर्नु नै श्री कृष्णको सही पूजा हो । शनिले कृष्णाष्टमी मनाऔं, तर कृष्णको उपदेश र जीवन पनि याद राखौं ।